# कुमाख गाउँपालिका

## खण्ड १) सल्यान, २०८१ साल (संख्या १)

## भाग –१

कुमाख गाउँपालिकाको स्थानीय युवा परिषद् ऐन २०८१

गाउँ सभाबाट स्वीकृत मितिः २०८०/०४/२१ गते

प्रमाणिकरण मितिः२०८०।०४।२५ गते

**प्रस्तावनाः**

युवाको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका साथै शिक्षा, सीप, उद्यमशीलता र रोजगारीलाई प्रवर्धन गर्दै स्थानीय स्रोत र साधनको अधिकतम उपयोगबाट  समुन्नत स्थानीय तह निर्माणका लागि युवासम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म उनीहरूको सार्थक सहभागिता वृद्धि गरी विकासमा मूलप्रवाहीकरण गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी कुमाख गाउँपालिकाको १६ औं .गाउँ सभाले यो ऐन बनाएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्थानीय युवा परिषद् ऐन २०८१"रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको दिनदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले स्थानीय युवा परिषद्को अध्यक्ष सम्झनुपर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको ऐनमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "परिषद्" भन्नाले यस ऐनको दफा ३ बमोजिम स्थापना भएको स्थानीय तहको गाउँ युवा परिषद् सम्झनुपर्छ ।

(ङ) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद् ऐनले परिभाषित गरेबमोजिमका व्यक्ति सम्झनुपर्छ ।

(च) "विशेष समुदायको युवा" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, दलित, दुर्गम तथा गरिबीको रेखामुनि रहेका, अपाङ्गता भएका वा सीमान्तकृत अल्पसंख्यक समुदायका युवा सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले स्थानीय युवा परिषद्को सदस्य सम्झनुपर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ज) "क्लब" भन्नाले यस ऐन वा यस ऐन अनुसार बन्ने नियमबमोजिम गठन हुने स्थानीय तहको हरेक वडामा गठन हुने १६ देखि २४ वर्ष उमेर समूहका युवाहरू सम्मिलित युवाक्लबलाई जनाउँछ ।

(झ) यो ऐन कुमाख गाउँपालिकाको क्षेत्राधिकारभित्र लागू हुनेछ ।

## परिच्छेद -२

## स्थानीय युवा परिषद्को गठन, काम, कर्तव्य र अधिकार

**३. परिषद्को गठन :** (१) स्थानीय युवा परिषद्को गठन देहायबमोजिम हुनेछ

(क) गाउँपालिका - (अध्यक्ष)

(ख) स्थानीय सरकारले मनोनयन गरेको युवा - उपाध्यक्ष

(ग) युवा विकासको क्षेत्रमा योगदान गरेका मध्ये परिषद्ले मनोनित गरेको एकजना महिलासमेत दुई जना युवा - सदस्य

(घ) वडास्तरीय युवाक्लबका अध्यक्षहरू मध्येबाट परिषद्ले मनोनित गरेको एकजना महिलासमेत दुई जना - सदस्य

(ङ) स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(च) मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(छ) गाउँपालिका उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतलाई आमन्त्रन गर्नु पर्नेछ।

(ज) यस ऐनको दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा स्थानीय सरकारले निजलाई जनुसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मनोनित सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

(५) ऐनको दफा (३) को उपदफा (१) खण्ड (ख) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण भएको तथा युवाको हक, हितको संरक्षण, सम्वर्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच बर्ष काम गरेका प्रतिष्ठित युवा मध्येबाट उपाध्यक्षको पदमा नियुक्ति गर्नुपर्नेछ । स्थानीय तहको क्षेत्रभित्र स्नातक तह उत्तीर्ण युवा नपाइएमा कक्षा १२ उत्तीर्ण गरेको युवालाई मनोनयन गर्न सकिनेछ ।

(६) स्थानीय गाउँ युवा परिषद्मा मनोनित सदस्यको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ उत्तीर्ण भएको हुनुपर्नेछ नपाइएमा आधारभूत शिक्षा उत्तीर्ण गरेको युवालाई मनोनयन गर्न सकिनेछ ।

**४.परिषद्को काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) युवासम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(ख) स्थानीय सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरूले पालना गर्नुपर्ने सर्तहरू निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयम्सेवकको रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई स्थानीय तह तथा राष्ट्र निर्माणमा सहभागी हुन उत्प्रेरित गर्ने,

(च परिषद्को वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरणसम्बन्धी विषयमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सुझाव दिने,

(ज) स्थानीय स्तरमा युवा जागरण, सशक्तीकरण र परिचालन गर्ने

(झ) स्थानीय स्तरमा युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास गर्ने,

(ञ) युवाका क्षेत्रमा काम गर्न राष्ट्रिय युवा परिषद् र प्रदेश युवा परिषद्सँग समन्वय, सहकार्य गर्ने,

(ट) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

## ५. परिषद्को बैठक र निर्णय

(१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) परिषद्को बैठक गाउँपालिकाका अध्यक्षको निर्देशनमा सदस्य सचिवले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूचीसहितको सूचना परिषद्का सदस्य-सचिवले सदस्यहरूलाई दिनेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) परिषद्को बैठकको निर्णय अध्यक्षले प्रमाणित गरी राख्नेछ ।

(८) कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्नसक्नेछ ।

(९) परिषद्को बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद- ३

## युवाक्लब गठन तथा काम, कर्तव्य र अधिकार

### ६. युवाक्लबको गठन

(१) स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्षको संरक्षकत्वमा युवाक्लब गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने युवाक्लबमा सम्बन्धित वडाभित्रका राष्ट्रिय युवा परिषद् ऐनले तोकेको युवा उमेर समूहका सम्पूर्ण युवाहरू युवाक्लबका साधारण सदस्य हुन सक्नेछन् ।

(३) वडामा गठन हुने वडास्तरीय युवाक्लबको नौ सदस्सीय कार्यसमिति रहनेछ ।

(४) युवाक्लबका सदस्यहरूले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आफूहरूमध्येबाट छनौट गर्नेछन् । उक्त कार्यसमितिमा कूल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(५) युवाक्लबका सदस्य चयन गर्नका लागि वडासमितिले यससम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्नसक्नेछ ।

(६) युवाक्लबका पदाधिकारीहरूको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ ।

(७) वडास्तरीय युवाक्लबको सचिवालय सम्बन्धित वडा परिषद्को कार्यालयमा रहनेछ ।

(८) प्रत्येक टोलमा ५० जना युवासम्मको टोल युवाक्लब गठन गर्न सकिनेछ । टोल युवाक्लबका युवाबाट वडास्तरीय युवाक्लब गठन हुनेछ ।

### ७. युवाक्लबको काम, कर्तव्य र अधिकार

(१) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(२) स्थानीय तहसँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माण गर्ने ।

(३) स्थानीय तहमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण,बालअधिकार,मानव अधिकार, महिला अधिकार,लागु औषधविरूद्धका अभियान, सामाजिक अन्धविश्वास र कुरीति विरूद्धका सचेतना अभियानहरूमा सक्रियतापूर्वक सहभागी हुने तथा कार्यक्रम सञ्चालन गर्ने ।

(४) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपद्का बेला विपद् पूर्व-तयारी तथा राहत र उद्धार कार्यमा वडा कार्यालय, गाउँपालिका तथा नगरपालिकासँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयम्सेवकीय भूमिका निर्वाह गर्ने ।

(५) राष्ट्रिय युवा परिषद् र मातहतका निकायहरूमार्फत् स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षित कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(६) दिगो विकासका लक्ष्यहरूलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताकासाथ नेतृत्वदायी भूमिका खेल्ने ।

(७) प्रत्येक युवाक्लबले युवाको सहभागितामा वडा कार्यालयको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(८) राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषद् र स्थानीय तहबीच समन्वय र सहकार्य गरी युवालक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।

(९) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउने ।

(१०) वडास्तरमा युवा तथ्याङ्क व्यवस्थापन गर्ने ।

## परिच्छेद - ४

## परिषद्सँग आवद्धता र कार्यक्रम सञ्चालन

### ८. युवासम्बन्धी संघ, संस्थालाई आवद्धता प्रदान गर्नेः

(१) युवाको हक, हितको संरक्षण र विकास गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका स्थानीय तहको क्षेत्रभित्र काम गर्न चाहने संघ संस्था परिषद्मा आबद्ध हुनुपर्नेछ । तर, राष्ट्रिय युवा परिषद् वा प्रदेश युवा परिषद्मा आवद्ध भइसकेका संघसंस्थाको हकमा यो उपदफा लागू हुनेछैन ।

(२) आबद्धताका लागि तपसील बमोजिमको विवरण खुलाई परिषद्समक्ष अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दिँदा सम्बन्धित संघसंस्थाको विधानसमेत संलग्न गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदन दिने संघसंस्थालाई आबद्धता प्रदान गर्न उपयुक्त देखिएमा परिषद्ले तोकेबमोजिमको दस्तुर लिई अनुसूची २ बमोजिमको ढाँचामा आबद्धता प्रदान गर्नसक्नेछ ।

(५) उपदफा (४) बमोजिम आबद्ध भएका संघसंस्थाले प्रत्येक पाँच वर्षमा परिषद्ले तोकेबमोजिमको दस्तुर बुझाई नवीकरण गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम परिषद्सँग आबद्ध भएका संघसंस्थाबाट कार्यान्वयन भएका कार्यक्रमहरूको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद्समक्ष पेश गर्नुपर्नेछ ।

(७) प्रचलित कानून विपरीत कार्य गरेको पाइएमा, आबद्धता नवीकरण नगरेमा, लगातार दुई आर्थिक वर्षसम्म प्रतिवेदन नबुझाएमा, उद्देश्य बमोजिम कार्य नगरेमा संघसंस्थाको आवद्धता नवीकरण तथा आबद्धता रद्द गर्न सकिनेछ ।

(८) परिषद्मा आबद्ध संघसंस्थाले युवासम्बन्धी कार्यक्रम सञ्चालन गर्न कुनै प्रकारको सहायता लिँदा वा दिँदा परिषद्को पूर्व स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद - ५
## सचिवालय तथा लेखा व्यवस्थापन

**९. परिषद्को सचिवालय** (१) स्थानीय तहका लागि संघीय सरकारबाट स्वीकृत संगठन संरचनाअनुसार युवासम्बन्धी विषय हेर्ने एकाइले परिषद्को सचिवालयको काम गर्नेछ ।

**१०. लेखा र लेखापरीक्षण** (१) परिषद्ले आफ्नो आय व्ययको लेखा र लेखा परीक्षण स्थानीय सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नुपर्नेछ ।

## परिच्छेद-६
## विविध

**११. भाग लिन नहुने:** परिषद्को कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्का पट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुँदैन ।

**१२. कार्यदल गठन गर्नसक्ने :** (१) परिषद्ले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीबमोजिम आफूले गर्नुपर्ने कुनै कार्य सम्पादन गर्नको निमित्त आवश्यकता अनुसार कार्यदल गठन गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो कार्यदल गठन गर्दाका बखत परिषद्ले तोकेबमोजिम हुनेछ ।

**१३. सेवा सुविधा तथा बैठक भत्ता :** (१) परिषद्का अध्यक्ष, उपाध्यक्ष र सदस्य, तथा दफा ११ बमोजिमको कार्यदलका सदस्यले बैठकमा भाग लिए वापत स्थानीय सरकारको आर्थिक कार्यविधिबमोजिम सेवा सुविधा तथा बैठक भत्ता पाउनेछन् ।

**१४. वार्षिक प्रतिवेदन** : (१) परिषद्बाट कार्यान्वयन भएका कार्यक्रमहरूको वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र स्थानीय कार्यपालिका र जिल्ला युवा समन्वय एकाइ समक्ष पेश गर्नुपर्नेछ ।
(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त युवाको क्षेत्रमा देखिएका मुद्दा, समस्या र चुनौती तथा सोको समाधानका उपायसमेतको विवरण उल्लेख गर्नुपर्नेछ ।

(३) परिषद्ले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धि एवं गरेको अन्य काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नुपर्नेछ ।

**१५. निर्देशन दिनसक्ने :** (१) स्थानीय सरकार र जिल्ला युवा समन्वय एकाइले परिषद्को काम कारवाही तथा सुधारको विषयमा आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्नसक्नेछन् ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन, समन्वय र सहजीकरणको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

**१६. अधिकार प्रत्यायोजन :** (१) परिषद्ले यो ऐनबमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार परिषद्का अध्यक्ष, उपाध्यक्ष, कुनै सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्नसक्नेछ ।

**१७. सपथ ग्रहण :**परिषद्का पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची ३ बमोजिम सपथ ग्रहण गर्नुपर्नेछ ।

**१८. सहयोग गर्नुपर्ने :** परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१९. परिषद्को विघटन :** (१) परिषद्ले यस ऐनको उद्देश्य बमोजिम काम गर्न नसकेमा स्थानीय सरकारले जुनसुकै बखत परिषद् विघटन गर्नसक्नेछ ।

**२०. सम्पर्क राख्ने :** परिषद्ले नेपाल सरकार र प्रदेश सरकारसँग सम्पर्क राख्दा स्थानीय सरकार मार्फत् राख्नुपर्नेछ ।

**२१. विनियम बनाउने अधिकार :** (१) यो ऐनको अधीनमा रही परिषद्ले आवश्यक विनियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम बनाउँदा परिषद्ले कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

## अनुसूची (१)

संस्थाहरूको आवद्धताका लागि दिइने निवेदनको ढाँचा ऐनको परिच्छेद ४ दफा ८ (२)  सँग सम्बन्धित

मिति : ....................

श्री .................................ज्यू

श्री स्थानीय युवा परिषद्को कार्यालय कुमाख गाउँपालिका

**विषय :–आबद्ध हुन पाऊँ ।**

स्थानीय युवापरिषद् ऐन २०७९ को दफा ८ को उपदफा (२) बमोजिम परिषद्सँग आवद्ध हुन चाहेकाले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी आवद्धताका लागि यो निवेदन पेश गरेको छु । परिषद्सँग आवद्धता भए वापत पालन गर्नुपर्ने सर्तको पालना गर्न मञ्जुर छु ।

१. संस्थाको नाम .........................................

२. संस्थाको ठेगाना  (क) गाउँ : .................................................. ............... (ख) जिल्ला : ....................... ............ (ग) फोन नम्बर : ............................. (घ) फ्याक्स नं. .......................................... (ङ) इमेल : ................................................ (च) वेभसाइट : ........................... .................... ......................

३. संस्थाको उद्देश्य :

(क)

(ख)

(ग)

(घ)

४. संस्थाको नवीकरण बहाल रहने अवधि :

५. संस्थाका पदाधिकारीहरूको नाम र ठेगाना :

(क)

(ख)

(ग)

(घ)

(ङ)

६. संलग्न कागजातहरू :

(क) संस्था दर्ताको प्रमाणपत्र :

(ख) निवेदक संस्थाको विधानको प्रतिलिपि :

(ग) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन :

(घ) संस्थाको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपि :

संस्थाको छाप :

निवेदकको :- नाम, थर :

ठेगाना:

दस्तखत : पद :

संस्थाको नाम :

ठेगाना :

## अनुसूची (२)

संस्थाहरूको आवद्धताका लागि दिइने निवेदनको ढाँचा ऐनको परिच्छेद ४ दफा ८ (४) सँग सम्बन्धित

परिषद्सँग आवद्धताको प्रमाणपत्रको ढाँचा

परिषद्सँग आवद्ध हुन पाऊँ भनी .................................................. (संस्थाको नाम र ठेगाना) ले मिति ............................... मा दिएको निवेदन उपर कारवाही हुँदा परिषद्को मिति .................. ........ को निर्णयानुसार त्यस संघ वा संस्थालाई स्थानीय युवा परिषद् ऐन, २०७९ को ऐन ८ को उपदफा (४) बमोजिम परिषद्सँग आवद्ध गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

१. आबद्धता नम्बर:

२ आवद्धता कायम रहने अवधि : यो आवद्धताको नवीकरण गराएको अवस्थामा बाहेक मिति ....................... सम्म कायम रहनेछ ।

प्रमाण-पत्र प्रदान गर्ने अधिकारीको परिषद्कोछाप
नाम, थर :

पद :

मिति :

प्रमाण-पत्रको पछाडिपट्टि नवीकरणसम्बन्धी विवरण :

| **क.सं.** | **नवीकरण गर्ने कर्मचारीको नामथर** | **दर्जा** | **दस्तखत** | **प्रमाणपत्रप्रदान गरिएको मिति** | **ऋवधि** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

संस्थाको छाप :

अनुसूची ३

(ऐनको दफा १७ सँग सम्बन्धित)

**पद तथा गोपनीयताको सपथ**

म................................................ (सपथ लिने व्यक्तिको नाम) ................................. मुलक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताका नाममा सपथ लिन्छु कि कुमाख गाउँपालिका स्थानीय युवा परिषद्को ............................... पदको हैसियतले मलाई तोकिएको काम मैले जानेबुझेसम्म कर्तव्य सम्झी देश तथा परिषद्प्रति बफादार रही, भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधीनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन ।

सपथ ग्रहण गर्नेको :

नाम :

दस्तखत :

मिति :

पद :

कार्यालय :

सपथ ग्रहण गरेको प्रमाणित गराउनेको:

नाम :

दस्तखत :

मिति :

पद :

........................................

मान बहादुर बुढाथोकी

गाउँपालिका अध्यक्ष

मिति २०८१।०४।२५ गते